# शिवपुरी गाउँपालिका
# लैंङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन २०७६

## १. पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ ।

संविधान तथा अन्य विद्यमान कानूनद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक हुन्छ ।

शिवपुरी गाउँपालिकामा सामाजिक समावेशिकरणको क्षेत्रमा हालका दिनमा सकारात्मक परिवर्तनहरू देखिएता पनि यथोचित पहल र सुधार हुन सकेको देखिदैन । पालिकास्तरमा लक्षित वर्गको संरचनागत पूर्वाधारको कमी रहेको छ । अपांग, दलित, जेष्ठ नागरिक तथा महिला हेर्ने सकारात्मक दृष्टिकोणमा नभएका कारण कहिलेकाँही हिंसाजन्य घटना हुने गरेको देखिन्छ । लक्षित वर्गमा अधिकार र कर्तव्यसम्बन्धी चेतनाको कमी रहेको छ । लक्षित वर्गको तालिममा प्रभावकारी हुन नसक्दा आसातित सुधार हुन सकेको छैन । बालश्रम र चेलिवेटी वेच विखन जस्ता सामाजिक अपराध पनि पुर्ण रुपमा हटिसकेको छैन । लक्षित वर्गमा आत्मनिर्भरता र आत्मविस्वासको कमी रहेको छ । सामाजिक सुरक्षा भत्ताको वितरण असजहताका कारण गुनासो व्यापक देखिएको छ । भाषिक समस्याका कारण तामाङ्ग समुदायमा जानकारी हासिल गर्न कठिनाई रहेका छ । यस्ता विविध समस्याहरु विद्यमान भएकाले गाउँपालिकाले यी समस्या समाधानका लागि के कसरी कार्य सम्पादन गरि रहेको छ भनी लेखाजोखा गर्न यो लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण गरिएको हो ।

## २. अध्ययनको महत्व

यस अध्ययनको महत्वलाई निम्न बमोजिम उल्लेख गरिएको छ :

- यस अध्ययनबाट स्थानीय सरकारले लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको सामाजिक, आर्थिक र सांस्कृति उत्थानका लागि विगतमा गरेका क्रियाकपाहरुको लेखाजोखा हुनेछ ।
- यो एक स्वमूँल्याङ्कन भएकोले कर्मचारी तथा पदाधिकारीहरुको व्यक्तिगत तथा संस्थागत कृयाकलापहरुलाई  लैंङ्गिक समानता र महिला सशक्तिकरणको क्षेत्रमा काम गर्न उत्साह जगाउँछ । साथै यस प्रक्रियामा संलग्न कर्मचारीहरुलाई लैङ्गिक पक्षमा उत्तरदायी हुने तर्फ पनि उन्मुख गराउँदछ ।
- यस प्रक्रियाबाट गाउँपालिकाभित्र सबै क्षेत्र र समुदायमा विकासको प्रतिफल पुऱ्याउने कार्यमा गाउँपालिकालाई मार्गदर्शन गर्दछ ।
- योजनाबद्ध तवरबाट लैङ्गिक उत्तरदायी विकास प्रकृयालाई संस्थागत गर्न लैससास परीक्षणले सहयोग गर्नेछ ।
- यस परीक्षणबाट कार्यक्रम तथा बजेटको विश्लेषण गरी आगामी वर्षको कार्यक्रम तथा बजेटलाई लैङ्गिक दृष्टिकोणबाट तय गर्न तथा तद अनुरुप बजेट विनियोजन गर्न सघाउ समेत पुऱ्याउदछ ।

## ३. लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षणका उद्देश्यहरु

यस परीक्षणको मुख्य उद्देश्य ***लैससास*** अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी गाउँपालिकाले गर्ने सम्पूर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका उद्देश्यहरु यस प्रकार छनः

(क) गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुलाई समावेश गरि, लैङ्गिक समानता र सबै जातजाती तथा समुदायको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेद प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

(ख) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

(ग) गाउँपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा ***लैससास*** दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

## ४. अध्ययनका क्षेत्र

संविधानको धारा १८ मा व्यवस्था भएको समानताको हक अन्तर्गत “सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनीक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र

र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन" भन्ने व्यवस्था बमोजिम यस गाउँ पालिकाले ती वर्गका हितका लागि विगतमा गरेका गतिविधिहरुको यस कार्यविधिमा तोकिएका सूचकहरुको अधिनमा रही परीक्षण वा लेखाजोखा गर्नेकार्य यस अध्ययनको कार्यक्षेत्रमा पर्दछ ।

यसैगरी गाउँपालिकामा आफ्नो कार्यक्षेत्र बनाई सामाजिक क्षेत्रको विकासका लागि विभिन्न गतिविधिहरु संचालन गर्ने विकास साझेदारहरु जस्तै संघीय सरकार, प्रदेश सरकार, अन्तर्राष्ट्रिय गैसस, गैसस तथा सामाजिक संस्थाहरुले यस क्षेत्रमा गरेका क्रियाकलापहरुको मापन गर्नेकार्य समेत यस मापनको कार्यक्षेभित्र पर्दछ ।

## ५. अध्ययनको विधि

कार्यविधि स्विकृति : २०७६ माघ १२ गतेको कार्यपालिका बैठकबाट कार्यविधि स्विकृत ।
कार्यदल गठन : कार्यदल गठन प्रस्तावित तर विविध कारणले बैठक बस्न नसकेको ।

दस्तावेज अध्ययन : लैससास सम्बन्धी प्रशिक्षक प्रशिक्षणमा भाग लिएको गाउँपालिकाको टोलीबाट हालसम्म जारी भएका कानून तथा प्रतिवेदनहरु अध्ययन ।

लक्षित समूह छलफल : गाउँपालिकाको वडा नं. ६ मा मन्दिर उपभोक्ता समितिका सदस्यहरुसँग छलफल ।

प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता : गाउँपालिकाका प्रप्रअ, १ जना कार्यपालिकाका महिला सदस्य र १ जना गाउँपालिका स्तरीय महिला सञ्जालका अध्यक्षसँग अनौपचारिक अन्तरवार्ता ।

सूचकहरुको लेखाजोखा : प्रप्रअ लगायत प्रशासन शाखा, शिक्षा शाखा लगायतको छलफलबाट सूचकहरुको लेखाजोखा भएको । कार्यपालिकामा प्रस्तुत हुन बाँकी रहेको ।

कार्य योजना तयार : सुचहहरुमा प्राप्त अंकको आधारमा प्रप्रअको नेतृत्वमा कार्य योजना तयार भएको तर कार्यपालिका बैठकमा पेश हुन बाँकी ।

## ६. सहभागी

सूचक लेखाजोखा प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुखहरुको सहभागितामा भएको । केही प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता लिईएको ।

## ७. विष्लेषणका औजार

### (क) प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता

यस सिलसिलामा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, १ जना कार्यपालिकाका महिला सदस्य र १ जना गाउँपालिका स्तरीय महिला सञ्जालका अध्यक्षसँग अनौपचारिक अन्तरवार्ता गरिएको थियो ।

### (ख) लैससास परीक्षण कार्यशाला (लैससास सूचकहरुको विश्लेषण)

प्रप्रअ लगायत प्रशासन शाखा, शिक्षा शाखा लगायतको छलफलबाट सूचकहरुको लेखाजोखा गरिएको थियो ।

### (ग) सवल पक्ष र सुधार गर्नु पर्ने कुराहरुको विश्लेषण (SWOT Analysis)

सूचकहरुको विश्लेषण नतिजा एवं माकुरीजालोका आधारमा सवल पक्ष र सुधार गर्नु पर्ने पक्षहरुका बारेमा छलफल भएको थियो ।

## ८. परीक्षणका मुख्य प्राप्ति

- आगामी दिनहरुमा कानून तथा नीति तर्जुमा गर्दा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको समेत सुझाव लिने सुनिश्चितता हुनु पर्ने कुरालाई मनन् गरिएको ।
- तर्जुमा गरिएका कानून तथा नीतिहरुबारे समान बुझाईको लागि अभिमुखीकरण गर्न सकिने ।
- लैससास नीति तर्जुमा गर्नु पर्ने विषयमा एमकत ।
- आवधिक, क्षेत्रगत तथा लैससास नीति अनुरुप वार्षिक कार्यक्रम तर्जुमा गर्नु पर्ने विषयमा तदनुरुप प्रयास गर्दै जाने ।
- लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको हीतका लागि लैंगिक बजेट तर्जुमा गर्नु पर्ने कुराको जानकारी ।
- कानूनले तोके बमोजिम सबै वर्गको उपस्थितिमा वस्तीस्तरको योजना तर्जुमा गर्नु पर्ने विषयलाई अझ प्रभावकारी बनाउनु पर्ने विषयमा थप स्पष्टता र जानकारी ।
- उपभोक्ता समितिमा तोकिए बमोजिम महिलाको सहभागिताको सम्बन्धमा पुर्नताजगी ।
- अनुगमन सूचक बनाई योजना अनुगमन गर्दा नतिजामूलक हुने कुराको बोध ।
- नियमित रुपमा सरोकारवालाहरुबीच लैससास सम्बन्धी छलफल, सिकाई आदानप्रदान गरी तद अनुरुप योजना वा नीति निर्माण गर्नु पर्ने कुराको महशुस ।
- न्यायिक समिति र मेलमिलाप केन्द्रमा अझ व्यवस्थित रुपमा तथ्याँक राख्न सकिने कुराको महशुस ।
- गापाले गठन गरेका समिति, उपसमिति र कार्यदलमा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको प्रतिनिधित्व रहने गरेको जानकारी ।
- लैससास सम्पर्क व्यक्ति तोक्नु पर्ने विषय महशुस ।
- सार्वजनिक सरोकारका विषयहरु जस्तै बालबालिका हराएमा वा भेटिएमा, महिला हिँसाको घटना घटेमा जस्ता विषयमा जानकारी वा उजुरी दिने टोल फ्रि नम्बरहरु प्रचार प्रसारको लागि सहकार्य गर्न सकिने विषय महशुस ।
- गापाको संस्थागत स्वमूल्याँकन गर्नु पर्ने विषय महशुस ।
- रोजगार बृद्धि र बैदेशिक रोजगारीमा जानेहरुका लागि क्षमता विकासका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने विषयमा एकमत ।

- महिलाहरुका लागि लोक सेवा आयोग लगायत विविध विषयमा पनि बजेट विनियोजन गरी तालिम दिनु पर्ने कुराको महशुस ।
- लैससास विकासमा लागि संघ, प्रदेश तथा जिल्लास्तरका निकायहरुसँग समन्वय गर्नु पर्ने कुरामा एकमत ।
- नेपाल सरकारले अन्तराष्ट्रिस्तरमा गरेका प्रतिवद्धताहरु जस्तै बेजिङ घोषणा पत्र, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी, राष्ट्रसंघीय बाल अधिकार महासन्धीमा गरिएको प्रतिवद्धताबाट पारित निर्णयहरुका सम्बन्धमा जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई अभिमुखीकरण गर्नुपर्ने विषयमा एकमत ।
- महिला विरुद्ध हुने सबै खालका हिँसा निर्मूल पार्न अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुपका क्रियाकपाहरुका लागि बजेट विनियोजन गर्नु पर्ने जानकारी ।
- जातीय विभेद र छुवाछुत जस्ता समाजिक, सांस्कृति र धार्मिक कुरीती अन्त्यका लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने जानकारी ।
- खण्डिकृत तथ्याँक अद्यावधिक गर्दै जानु पर्ने विषयको महशुस ।
- बालश्रम, बाल विवाह, महिला हिँसा जस्ता कार्यलाई निरुत्साहित गर्ने विभिन्न अभियान चलाउन एकमत ।
- लैससास मैत्री आचरण, भाषा, व्यवहार प्रयोगका लागि नीतिगत व्यवस्था गर्नु पर्ने विषयमा बोध ।
- सबै प्रकारका सामाजिक जवाफदेहीताका औजारहरुको प्रयोग गर्नु पर्ने विषयमा एकमत ।
- सार्वजनिक सुनुवाई कार्यविधि तयार गरी सार्वजनिक सुनुवाई गर्ने विषयमा पृष्ठपोषण ।

## ९. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था**


### *९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक*

| क्र.स. | मुख्य सूचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | 7 | २ |
| २ | लैससास विश्लेषणमा आधारित योजना तर्जुमा | 7 | ४ |
| ३ | योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन | 7 | ४ |
| ४ | आन्तरिक संरचना | 7 | ३ |
| ५ | क्षमता विकास | 7 | २ |
| ६ | नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | 7 | १.५ |

| | | | |
|---|---|---|---|
| ७ | सेवा प्रवाह र संस्थागत संस्कृति | 7 | ४ |
| ८ | सुशासन | 7 | २.५ |

नोट : मापनको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।

### *९.२ माकुरे जालो*




## १०. सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु

| सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौती |
|---|---|---|---|
| गाउँपालिकाले स्वीकृत गरेका कानूनहरुका बारेमा सरोकारवालाहरुलाई जानकारी भई वडा कार्यालय तथा वेबसाईट मार्फत सार्वजनिक समेत हुने गरेको । | कानून तर्जुमा प्रक्रियामा लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहको राय सुझाव लिनु पर्ने, लैससास नीति तर्जुमा गर्नु पर्ने, लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूह लक्षित | सुधार गर्नुपर्ने विषयहरुका सन्दर्भमा काम गर्न सकिने सकारात्मक वातावरण रहेको । | लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी समान बुझाई नभएको । |

| सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौती |
|---|---|---|---|
| | नीति, कार्यविधि तर्जुमा गर्नु पर्ने र सबै प्रकारका विभेद अन्त्य गर्ने नीति प्रतिपादन गर्नु पर्ने । | | |
| लैंगिक तथा सामाजिक समावेशीकरण सम्बन्धमा आवधिक योजनाको उद्देश्य, रणनीति तथा नीतिमा आंशिक रुपमा उल्लेख भएको, खण्डिकृत तथ्याँक भएको साथै आंशिक रुपमा बजेट विनियोजन समेत हुने गरेको । | वार्षिक योजना आवधिक योजनासँग तादात्म्यता गरी तर्जुमा हुनु पर्ने । | वर्षिक कार्यक्रममा लैससासलाई मुलप्रवाहीकरण गरी गरी उक्त वर्गको आर्थिक तथा सामाजिक हैसियतमा सुधार ल्याउन सकिने । | आवश्यकता बमोजिम बजेट विनियोजन गर्न श्रोतको अभाव देखिएको । लैससास बारे समान बुझाई ल्याउन समय लाग्ने साथै |
| जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा उपभोक्ता समिति गठनका लागि आम भेला हुने गरेको, तोकिए बमोजिम महिला सहभागिता हुने गरेको । | सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको सहभागिता झल्कने सुचकहरु सहितको अनुगमन तथा सुपरीवेक्षण कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने । | अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्यविधि तय गरी प्रभावकारी अनुगमन कार्यको थालनी गर्न सकिने । | लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको सहभागितामा बढाउन चूनौती रहेको । |
| गाउँपालिकाको Provisional संगठन तालिका रहेको, सबै शाखाहरु पुर्ण रुपमा स्थापना भै नसके पनि सेवा उपलब्ध गराउन प्रयत्न भएको । | स्थानीय सरकारको संस्थागत स्वमूल्याँकन गरी तदनुरुप कार्ययोजना बनाइ लागु गनु पर्ने । | संस्थागत स्वमूल्याँकन सम्बन्धमा उपयुक्त वातावरण भएको । | |
| विभिन्न अन्तराष्ट्रिय सन्धी सम्झौतामा उल्लेख भएका कार्यहरु आंशिक रुपमा हुने गरेका, महिला विरुद्ध हुने सबैखालका हिंसा निर्मूल पार्ने अभियान आंशिक रुपमा | लैंगिक हिंसा न्यूनिकरण तथा छुवाछुत विरुद्ध अझ बढी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने । | महिला शशक्तिकरण सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयनले | लैंगिक हिंसा पूर्ण रुपमा न्यूनिकरण गर्न स्वयम् जागरुक र सचेत बन्नु पर्ने तर सबै हिंसाका |

| सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौती |
|---|---|---|---|
| संचालन हुने गरेको, महिला शशक्तिकरणका लागि विभन्न दिवसहरु मनाई सो सम्बन्धी सकारात्मक सन्देह प्रवाह गर्ने गरेको । | | महिला हिंसामा न्यूनिकरण हुने । | घटना रिपोर्ट हुन कठीन । |
| लैंगिक तथा सामाजिक रुपमा बञ्चितिकरणमा परेका व्यक्ति र समूहहरुको विवरण अद्यावधिक रहेको, ती वर्गहरुको हितका लागि घुम्ती शिविरहरु संचालन भएका । | लैंगिक हिंसा विरुद्ध शन्य सहनशीलता अपनाउने नीति तय गरी कार्यान्वयन गर्नु पर्ने । | मागमा आधारित लक्षित कार्यक्रम र घुम्ती शिविर लगायत अन्य कार्यक्रम तर्जुमा गरी उनीहरुको आर्थिक तथा सामाजिक हैसियतमा बृद्धि ल्याउन सकिने । | |
| वेवसाइटमा आवश्यक सूचनाहरु राखिएको, सार्वजनिक सरोकारका सूचनाहरु आंशिक रुपमा प्रवाह हुने गरेका तथा सार्वजनिक परीक्षण हुने गरेको । | सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, लैससास परीक्षण नियमित रुपमा गर्नु पर्ने, सार्वजनिक सुनुवाई व्यवस्थित रुपमा संचालन गर्न बर्हिगमन अभिमत तथा नागरिक प्रतिवेदन पत्र जस्ता औजारहरु प्रयोग गर्नु पर्ने, | गाउँपालिकाले गरेका सेवा प्रवाहको गुणस्तर मापन गरी देखिएका कमी कमजोरीहरुलाई सुधार गर्दै लान सकेमा सेवा प्रवाहको गुणस्तरमा बृद्धि हुने । | सबै विषयगत शाखा स्थापना भै नसकेका साथै जनशक्तिको अभावले सार्वजनिक जवाफदेहीताका क्रियाकपालपहरु प्रभावकारी संचालन गर्न कठीन । |

## ११. कार्ययोजना

| पूर्णाङ्क | प्राप्ताङ्क | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण | | अवस्थामा सुधारकालागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयाबधी | थप आर्थिक दायित्व व्यहोर्न | |
| ७ | २ | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने (अनुमानित कति रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | नपर्ने |
| | | **१.१.**गाउँपालिकाले तर्जुमा गर्ने कानुन तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले विविध वर्गको सहभागिता सुनिश्चित गर्ने | अध्यक्ष उपाध्यक्ष | कार्यपालिका | प्रप्रअ | निरन्तर | | |
| | | **१.२** लैससास सम्बन्धी नीति तर्जुमा गर्री लागु गर्ने | उपाध्यक्ष | कार्यपालिका | प्रप्रअ | आगामी आवको प्रथम चौमासिक | ५०,००० | |
| | | **१.३** स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण गर्ने | प्रप्रअ, प्रशासन शाखा | कार्यपालिका | प्रप्रअ, प्रशासन शाखा | आगामी आवको प्रथम चौमासिक | ३०,००० | |
| **२.लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | | | | | | | | |
| ७ | ४ | **२.१.** लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया सम्बन्धी अवलम्बन सम्बन्धी पालिका स्तरीय अभिमुखीकरण गर्ने | उपाध्यक्ष, सा.वि. शाखा | कार्यपालिका | सा.वि. शाखा | आगामी आवको प्रथम चौमासिक | ५०,००० | |
| | | **२.२.** योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता बढाउन पहल गर्ने | उपाध्यक्ष, योजना शाखा | कार्यपालिका | प्रप्रअ, योजना शाखा | निरन्तर | | |
| **३.योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ४ | **३.१.** सबै सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी सिकाई आदानप्रदान कार्यक्रम आवधिक रुपमा संचालन गर्ने | उपाध्यक्ष, सा.वि. शाखा | कार्यपालिका | सा.वि. शाखा | | १०,००० | |
| | | **३.२.** अनुगमन तथा सुपरिवेक्षण कार्यविधि तर्जूमा गरी उक्त कार्यविधिमा लैससास सम्वन्धी सूचकहरु समावेश गर्ने | उपाध्यक्ष, योजना शाखा | कार्यपालिका | प्रप्रअ, योजना शाखा | चालु आवको अन्त सम्म | ५०,००० | |
| **४.आन्तरिक संरचना** | | | | | | | | |
| ७ | ३ | **४.१.** गाउँपालिकामा लैससास सम्पर्क व्यक्ति तोक्ने | अध्यक्ष, प्रप्रअ | प्रप्रअ | प्रप्रअ | | | |
| | | **४.२.** विभिन्न निकायहरुबाट टोल फ्रि नम्बर मार्फत लिन सकिने सेवा तथा जानकारीको बारेमा गाउँपालिका, वडा तथा अन्य संयन्त्र मार्फत समुदायलाई सुचित गर्ने | उपाध्यक्ष, सा.वि. शाखा | कार्यपालिका | सा.वि. शाखा | निरन्तर | | |
| | | **४.३** गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व बढाउदै जाने | अध्यक्ष उपाध्यक्ष | कार्यपालिका | प्रप्रअ, सा.वि. शाखा | निरन्तर | | |
| **५.क्षमता विकास** | | | | | | | | |
| ७ | २ | **५.१.** विकास साझेदार निकायसँगको साझेदारीमा आगामी वर्ष गउँपालिकाको संस्थागत स्व- मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना तर्जुमा गरी लागु गर्ने | अध्यक्ष | कार्यपालिका | प्रप्रअ, प्रशासन शाखा | आगामी आवको प्रथम चौमासिक | ५००,००० | |
| | | **५.२.** तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने | प्रप्रअ, प्रशासन शाखा | कार्यपालिका | प्रशासन शाखा | निरन्तर | | |
| | | **५.३** महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा लगायत अन्य क्षमता विकासका कार्यक्रम संचालन गर्ने | उपाध्यक्ष, सा.वि. शाखा | कार्यपालिका | सा.वि. शाखा | आगामी आवको दोश्रो चौमासिक | ५००,००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **६ नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धता** | | | | | | | | |
| ७ | २ | **६.१.** विभिन्न अन्तराष्ट्रिय महासन्धीको कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी सम्बन्धमा आगामी आ. व. मा पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम गरी कार्यान्वयन गर्दै जाने | उपाध्यक्ष, सा.वि. शाखा | कार्यपालिका | प्रप्रअ, सा.वि. शाखा | आगामी आवको दोश्रो चौमासिक | ५०००० | |
| | | **६.२.** सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि कार्यक्रम तर्जुमा गर्ने | उपाध्यक्ष, सा.वि. शाखा | कार्यपालिका | प्रप्रअ, सा.वि. शाखा | | २००,००० | |
| **७ सेवा प्रवाह र सस्थागत सस्कृति** | | | | | | | | |
| ७ | १.५ | **७.१.** सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन गर्ने | अध्यक्ष | कार्यपालिका | प्रप्रअ | आगामी आवमा आवश्यकता अनुसार | ५००००० | |
| **८. सुशासन** | | | | | | | | |
| ७ | २.५ | **८.१.** सार्वजनिक सुनुवाई कार्यविधि तर्जुमा गरी आवधिक रुपमा सार्वजनिक सुनुवाई गर्ने | अध्यक्ष | कार्यपालिका | प्रप्रअ, योजना शाखा | चालु आवको अन्त सम्म कार्यविधि तयार गर्ने | ३००,००० | |

## १२. निष्कर्ष

समग्र रुपमा हेर्दा सूचक अनुसार गरिएको मूल्याँकनमा यस गाउँपालिकाको अवस्था कमजोर नै रहेको देखिन्छ । लक्षित समूहको आर्थिक तथा समाजिक हैसियत बढाउने केही कार्यहरु भएता पनि योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमनमा उनीहरुको सहभागिता बढाउदै जानु पर्ने आवश्यकता रहेको छ । क्षमता विकास सम्बन्धमा गाउँपालिकाले आफ्नो स्वमुल्याङ्कन गरी तदनुरुप योजना निर्माण तथम कार्यान्वयन गर्दै जान जरुरी छ । यस अतिरिक्त अन्तराष्ट्रिय प्रतिवद्धता अनुसार राष्ट्रिय कार्ययोजनामा स्थानीय तहले गर्ने कार्यबारे अभिमुखीकरण गरी सो अनुरुप कार्यक्रम समेत बनाउँदै जानु पर्ने देखिन्छ । सामाजिक न्याय सुनिश्चित गर्न विभिन्न कुरीती विरुद्ध समेत विभिन्न संघ संस्थासँगको सहकार्य मार्फत गाउँपालिकाले आफ्ना प्रयासहरु बढाउनु पर्ने देखिन्छ ।

गाउँपालिका स्तरमा लागू भएका कानूनका बारेमा जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरुबीच अभिमुखीकरण मार्फत समान बुझाई गर्न सकिन्छ । यसले कानुन कार्यान्वयनमा सहजता ल्याउँछ । लक्षित वर्गको न्यून सहभागिताका कारण उनीहरुले राज्यबाट पाउने सेवा सुविधा ताकिएको मात्रामा नपाएको हो कि भन्ने देखिन्छ । यस्ता वर्गहरुको गाउँपालिका स्तरीय अनौपचारिक संयन्त्र निर्माण तथा क्षमता विकास गर्न सके यस्ता संयन्त्र मार्फत बजेट तथा कार्यक्रममा लक्षित वर्गको पहुँच बढाउन सकिन्छ । सार्वजनिक सरोकारका विभिन्न सूचनाहरु जस्तै बालबालिका हराएमा वा भेटिएमा, महिला हिंसाका घटना घटेमा उजूरी गर्नु पर्ने टोल फ्रि नम्बरका बारेमा गैसस समेतको सहकार्यमा पर्याप्त प्रचार प्रसार गर्न सकिने अवस्था छ । साथै जवाफदेहिता अभिवृद्धिका लागि पारदर्शीताका सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु नियमित रुपमा गरी जनस्तरको अपनत्व बढाउदै लैजान सकिन्छ ।

## १३. सुझाव

हालसम्मका प्रयासहरु हेर्दा स्थानीय सरकारबाट लैंगिक तथा सामाजिक समावेशीकरणका क्षेत्रमा व्यवस्थित कार्यहरु हुन सकेको देखिदैन । लामो अन्तराल पश्चात निर्वाचित स्थानीय तह आफै.नयाँ अभ्यासमा रहको तथा पुर्वाधार क्षेत्रले विकासमा प्रथमिकता पाउँदा सामाजिक क्षेत्रलाई पनि सँगै लैजान जरुरी छ । शिवपुरी गाउँपालिकाको सन्दर्भमा आवधिक विकास योजनाले विकासलाई दिशा निर्देश गरेको छ । यसैको जगमा माथि उल्लेखित कार्य योजनालाई कार्यान्यन गर्दै नियमित रुपमा यस्तो परीक्षण मार्फत स्व मुल्याङ्कन गर्दै जानु उपयुक्त दखिन्छ ।

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचकहरु

**(GESI Audit)**

**नोट : ० = शुन्य, ०.५ = ठिकै, १ = राम्रो**

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| **१** | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | **७** | २ | | |
| **क** | गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति र रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ? | **०–१** | ०.५ | अन्तरवार्ता | |
| **ख** | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ? | **०–१** | ० | | |
| **ग** | हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ? | **०–१** | ०.५ | | |
| **घ** | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ? | **०–१** | १ | वेवसाइट, वडाको दस्तावेज | |
| **ङ** | गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ? | **०–१** | ० | | |
| **च** | महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? (जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु) | **०–१** | ० | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| छ | गाउँपालिकामा हुनसक्ने सबै प्रकारका विभेद र दुर्व्यवहार (जस्तै यौनजन्य, जातीय र महिला हिंसा नियन्त्रण, समान कामका लागि समान ज्यालाको लागि नीति बनाएर लागु गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| **२** | **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | **७** | **४** | | |
| क | आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ? | ०–१ | १ | आवधिक योजना दस्तावेज | |
| ख | आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | आवधिक योजना दस्तावेज | |
| ग | आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम वीचको तादम्यता छ वा छैन ? | ०–१ | ०.५ | | |
| घ | वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ? | ०–१ | ० | | |
| ङ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ? | ०–१ | १ | | |
| **च** | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन ? | ०–१ | ०.५ | वार्षिक योजना पुस्तिका | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | ०–१ | ०.५ | वार्षिक योजना पुस्तिका | |
| **३** | **योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन** | ७ | ४ | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| क | उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ? | **०–१** | १ | उपभोक्ता समिति गठन माइन्युट | |
| ख | उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ वा छैन ? | **०–१** | १ | योजना शाखाको दस्तावेज | |
| ग | उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ? | **०–१** | १ | | |
| घ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ? | **०–१** | ० | | |
| ङ | गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ? | **०–१** | ०.५ | गत आ.व. को आर्थिक विवरण | |
| **च** | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ? | **०–१** | ०.५ | | |
| **छ** | नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रम र योजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ? | **०–१** | ० | अन्तरवार्ता | |
| **४** | **आन्तरिक संरचना** | **७** | **३** | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| क | गाउँपालिकामा गठीत न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ? | **०–१** | १ | | |
| ख | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ? | **०–१** | ०.५ | | |
| ग | गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ? | **०–१** | ०.५ | | |
| घ | सामाजिक विकास शाखा र महिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ? | **०–१** | ० | | |
| ङ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ? | **०–१** | ०.५ | वार्षिक कार्यक्रम पुस्तिका | |
| **च** | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ? | **०–१** | ० | | |
| **छ** | गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्ता, सूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ? | **०–१** | ०.५ | | |
| **५** | **क्षमता विकास** | ७ | २ | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| क | गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ख | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | | |
| ग | गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | | |
| घ | तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ङ | गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ? | ०–१ | ०.५ | तालिमको विषयवस्तुको अध्ययन | |
| **च** | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| **छ** | लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | | |
| ६ | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | ७ | **१.५** | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| क. | महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ? | **०–१** | ०.५ | | |
| ख. | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ? | **०–१** | ० | | |
| ग. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ? | **०–१** | ० | | |
| घ. | महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | **०–१** | ०.५ | | |
| ङ | महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ? | **०–१** | ०.५ | संचालित कार्यक्रमको खर्च विवरण अध्ययन | |
| **च** | संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | **०–१** | ० | | |
| छ | समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित | **०–१** | ० | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| | कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | | | | |
| ७ | **सेवा प्रवाह र संस्थागत संस्कृति** | ७ | ४ | | |
| क | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ? | **०–१** | ०.५ | | |
| ख | गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भए वा नभएको ? | **०–१** | ०.५ | घुम्ति शिवरी संचालन सम्बन्धी विवरण अध्ययन | |
| ग | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला र पुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ? | **०–१** | ०.५ | स्थलगत निरीक्षण, जस्तै शौचालय निर्माण भएको | |
| घ | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) ? | **०–१** | ०.५ | | |
| ङ | राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन र नियन्त्रणका लागि) अभियान र चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ? | **०–१** | ०.५ | | |
| च | महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ? | **०–१** | १ | | |
| छ | गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ? | **०–१** | ०.५ | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| **८** | **सुशासन** | **७** | **२.५** | | |
| क | स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ? | **०–१** | ०.५ | सार्वजनिक परीक्षण प्रतिवेदन तथा नागरिक वडापत्र अध्ययन | |
| ख | सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ? | **०–१** | ०.५ | योजना शाखासँगको छलफल | |
| ग | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ? | **०–१** | ० | | |
| घ | Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय(व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ? | **०–१** | १ | वेव साइट अध्ययन | |
| ङ | सार्वजनिक महत्वका सूचनाहरु साथै माथि “घ” मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ? | **०–१** | ०.५ | सरोकारवाला हरुसँग को अन्तरवार्ता | |
| च | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ? | **०–१** | ० | | |
| छ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials ) प्रवाह गरिएको छ वा छैन ? गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ? | **०–१** | ० | | |